# इन्फिनिटी लघुवित्त वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा सम्पन्न भएको बारे जानकारी

इन्फिनिटी लघुवित्त वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा संस्थाको अध्यक्ष श्री खेमराज नेपाल ज्यूको अध्यक्षतामा केन्द्रीय कार्यालय गैंडाकोट, नवपपुरमा २०७७ माघ २४ गते साधारण सभाको ब्यानर अध्यक्षजूले भर्चुअल मार्फत समुद्घाटन गर्नु भयो । उक्त साधारण सभामा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण कुमार लामाले भौतिक र भर्चुअली उपस्थित सञ्चालक, अतिथि र सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गरेका थिए ।

साधारण सभाको साधारण प्रस्तावहरुमा आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत), आ.व. २०७६/७७ सम्मको मुनाफाबाट चुक्ता पुँजी रु. २२,८१,४०,०००/- को ०.७५ ले हुन आउने रु. १७,११,०५०/- बराबरको नगद लाभांश (बोनश शेयर लाभांशमा लाग्ने कर प्रयोजनको लागि), आ.व. २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम श्री डि. कुमार एण्ड एशोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्त गरियो । विशेष प्रस्तावहरु अन्तर्गत सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको १४.२५ प्रतिशत बोनश शेयर वितरण गर्ने र बोनश शेयर पश्चात कायम हुने चुक्ता शेयर पुँजीको आधारमा प्रबन्धपत्र संशोधन गर्ने, संस्थाको प्रबन्धपत्रको दफा ४ उपदफा (छ) (ज), नियमावलीको नियम १९ (१०), नियम २९ (२) र संस्थाका प्रबन्धपत्र, नियमावलीमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ भएकोमा संशोधन गरी अद्यावधिक गर्ने, संस्थाले एक वा एकभन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने सम्बन्धी अख्तियारी सञ्चालक समितिलाई दिने र संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णयका साथै, विगतमा गठित समितिलाई निरन्तरता दिने निर्णय गरेको थियो । विविध प्रस्ताव अन्तर्गत कोरोना भाइरसको कारण भर्चुअल मार्फत सभामा उपस्थिति हुने शेयरधनी महानुभावहरुलाई अनुमोदन गर्ने, साधारण सभाको माइन्युटमा हस्ताक्षर गर्ने अख्यितारी संस्थाको अध्यक्ष र कम्पनी सचिवलाई दिने निर्णय गरेको थियो ।




सस्थाको वार्षिक साधारण सभामा कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम समेत रहेकोले उक्त कार्यक्रममा शाखा कार्यालय नौबिसे, धादिङमा शाखा प्रमुख (कनिष्ठ अधिकृत) पदमा कार्यरत कर्मचारी श्री स्मृति पाण्डेलाई Best Employee of the Year 2077, शाखा कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा शाखा प्रमुख (का.मू. वरिष्ठ सहायक) पदमा कार्यरत कर्मचारी श्री दिर्घराज जोशीलाइ First Runner Up Employee of the Year 2077 र शाखा कार्यालय सुखड, कैलालीमा कनिठ सहायक पदमा कार्यरत कर्मचारी श्री निशान्त जैशीलाइ Second Runner Up Employee of the Year 2077 पुरस्कार सम्मान स्वरुप अध्यक्षजूबाट वितरण गरिएको थियो । तत्पश्चात साधारण सभा भव्य रुपमा सम्पन गर्नको लागि भौतिक र भर्चुअली पाल्नु हुने सम्पूर्ण महानुभावहरु र सञ्चालकलाई धन्यवाद दिँदै अध्यक्ष ज्यूले सधारण सभाको समापन गर्नु भएको थियो ।

(प्रवीण कुमार लामा)
प्रमुख कार्यकारी अधिकृत